नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन ४२००३०९, ४२००२६१

पत्र संख्याः-

चलानी नं.:-

# विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार, २०७४ सम्बन्धी

## प्रेस विज्ञप्ति

स्थानीय स्वायत्त शासन र निक्षेपण अभ्यासलाई दिगो, प्रभावकारी र अविस्मरणीय बनाउन यस क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति वा संस्थालाई सम्मान तथा पुरस्कृत गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।३।३१ को निर्णयानुसार स्वीकृत विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार कार्यविधि, २०७३ अनुसार स्थापित विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार आज मिति २०७४।३।२९ गते माननीय उप प्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री विजयकुमार गच्छदारज्यूले विकेन्द्रीकरणको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याए बापत स्वशासन अध्ययन प्रतिष्ठानका अध्यक्ष श्री विरेन्द्रबहादुर देउजालाई सम्मानपत्र सहित नगद रु ३,००,०००।–(अक्षरेपी तीन लाख) प्रदान गर्नु भयो ।

समारोहमा मन्तव्य राख्दै माननीय उप प्रधानमन्त्रीज्यूले स्थानीय रुपमा स्थापित संरचनालाई सुदृढ, सक्षम, प्रभावकारी तथा जनमुखी बनाउन स्थानीय स्वयत्त शासन र निक्षेपणका माध्यमबाट अधिकार विकेन्द्रीकरण, पछाडि परेका वर्गको सशक्तिकरण, स्थानीय तहका संरचनाहरुको सवलीकरण तथा जवाफदेहिता प्रर्वद्धन गर्ने सन्दर्भमा नेपालको संविधानबाट स्थानीय स्वायत्त शासन तथा अधिकारको निक्षेपणको अभ्यासलाई दिगो र अविस्मरणीय बनाउन प्रत्येक २ बर्षमा सरकारी तवरबाट विकेन्द्रकीरण प्रर्वद्धन पुरस्कार स्थापना गर्ने नेपाल सरकारले निर्णय गरेको हुनाले यस पछिको पुरस्कार प्रत्येक दोश्रो बर्षको पौष २ गते प्रदान गर्ने घोषणा गर्नु भयो । साथै विकेन्द्रीकरण र स्वायत्त शासनको क्षेत्रमा असल अभ्यासहरुको निरन्तरता हालै निर्वाचित स्थानीय तहको सरकारबाट समेत भविष्यमा जारी रहने अपेक्षा व्यक्त गर्नु भयो । सो समारोहमा सम्मानित संस्थाका अध्यक्ष श्री विरेन्द्रबहादुर देउजाले विकेन्द्रीकरणको क्षेत्रमा प्रतिष्ठान अझ सक्रियताका लाग्ने प्रण गर्नु भएको थियो । समारोहका अध्यक्ष तथा यस मन्त्रालयका सचिव श्री दिनेशकुमार थपलियाले विकेन्द्रीकरण मार्फत अर्थपूर्ण जनसहभागितालाई प्रर्वद्धन गर्न पुरस्कृत संस्थालाई यो पुरस्कारले प्रोत्साहन मिल्ने र विकेन्द्रीकरण थप सुदृढ हुँदै जाने आशा व्यक्त गर्नु भएको थियो ।

रुद्रसिंह तामाङ
प्रवक्ता (सह सचिव)
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
२०७४ असार २९ विहीवार